नेपाल सरकार
**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
सिंहदरबार, काठमाण्डौ

फोन ४२००३०९, ४२००२८१

पत्र संख्याः- ०७४/७५

चलानी नं.:-

मिति: २०७४।५।२३

## प्रेस विज्ञप्ति

नेपाल राज्यभर ७५३ स्थानीय तहहरु कार्यान्वयनमा आइसकेका छन् । नेपालको संविधानले स्थानीय सरकारका रुपमा रहेका स्थानीय तहलाई अधिकार सम्पन्न बनाएको कुरा बिदितै छ । नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहका २२ (बाइस) अधिकारहरु लिपिबद्ध गरिएको छ । सोही अनुसूचीको देहाय (३) मा उल्लिखित एफ एम संचालनको अधिकार सम्बन्धमा सबै स्थानीय तहहरुमा एकरुपता आउने गरी मन्त्रालयबाट (माननीय उपप्रधान एवं सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्री स्तरबाट मिति २०७४।५।२२ मा स्वीकृत) नमूना कानूनको रुपमा "एफ एम रेडियो (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७४ मन्त्रालयको वेवसाइटमा राखिएको छ । सो नमूना कानून बमोजिम सबै स्थानीय तहहरुले सो सम्बन्धमा कानून बनाई कार्यान्वयनमा ल्याउन मन्त्रालय हार्दिक अनुरोध गर्दछ ।

...........................

(रुद्रसिंह तामाङ)
सहसचिव एवं प्रवक्ता
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय